जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २३३ २०८२ साल बैशाख ५ गते शुक्रबार (18 Apr. 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बालविवाह रोक्न सक्रिय ... ३ पृष्ठमा : 'जसले न्याय खोज्दाखोज्दै ... ३ पृष्ठमा : पाँच हजार कैदीलाई ...

# छिमेकीद्वारा विदेशमै ठगिएपछी नजिबुल्लाको परिवार विचल्लीमा






छोरा ठगिएका बारे पत्रकार सम्मेलनमा जानकारी गराउँदै मो. नजिबुल्लाका बुबा इस्लाम मियाँ र आमा चुनिया खातुन। साथै रकम ठगेका छिमेकी रोजित मियाँ (माथी)। ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, ४ बैशाख।**

बैदेशिक रोजगारीका लागि गएका सप्तरीको डाक्नेश्वरी नगरपालिका १० वनौला टोलका ३२ वर्षिय मो. नजिबुल्ला विदेशमै ठगिएका छन्।

रोजगारीका लागी साउदी अरब गएका उनी आफ्नै छिमेकी गाउँले एक साथीबाट ठगिएका हुन्। उनी ठगिएपछी पुरै परिवारको विचल्ली समेत भएको छ।

बिहीबार राजविराजमा उनका बुबा इस्लाम मियाँ र आमा चुनिया खातुन पत्रकार सम्मेलन गर्दै छोरा ठगिएको बारे बिस्तृत घटना जानकारी गराएर न्यायाका लागि सम्बन्धीत निकायसँग हारगुहार गरेका छन्।

पत्रकार सम्मेलनमा बुबा इस्लामले विदेशमा रोजगारीका सिलसिलमा रहदा मो.नजिबुल्ला र गाउँका छिमेकी साथी रोजित मियाँबीचको मित्रता रहेको सुनाए। सोही क्रममा गत फागुन २४ गते रोजित मियाँले छोरा नजिबुल्लासँग ससुराली गाउँमा जग्गा खरिद गर्न लागेको भन्दै १५ लाख रुपैया सापटी मागेको बुबा इस्लाम मियाँले बताए।

एक महिना भित्र पैसा फिर्ता गरिदिन्छु भन्दै रोजित मियाँले प्रतिबद्धता जनाएपनि विश्वासमा परेका छोरा नजिबुल्लाले पहिलो पटक १२ लाख र त्यसको केही दिन पछि थप ३ लाख रुपैया उनको खातामा जम्मा गरिदिएको उनको भनाई छ।

पत्रकार सम्मेलनमा उनले प्रमाणका रुपमा रोजित मियाँको खातामा नजिबुल्लाले जम्मा गरेको रकमको बैंक भौचर समेत पेश गरेका छन। विगत दुई महिना देखी रोजित एक्कासी सम्पर्क विहीन भएको र कहिले काही ह्वाटसपमा कुरा हुँदा उल्टै धम्क्याउन थालेको नजिबुल्लाकी आमा चुनिया खातुनले सुनाईन। यसबारे छिमेक मै वस्ने रोजितका बुआ गफुर मियाँ समेत जानकारी गराए, उनले भने-तर कसैले चासो देखाएनन।"

"रोजित अहिले साउदी अरबमा पनि छैनन, नत गाउँ फर्केका छन, साउदी अरबमा रहेका नजिबुल्लाले संचारकर्मीहरु संग फोन सम्पर्कमा भने-पैसा पचाउने नियतले नेपाल मै कतै लुकेर वसेका छन।"

विदेशमा आफ्नै छिमेकी गाउँले साथीबाट ठगीमा परेको छोराको दिनरात खटेर कमाएको रकम असुल उपरका लागी आफुहरु प्रहरी हुदै पत्रकारसम्म पुगेको पत्रकार सम्मेलनमा आमा चुनियाले सुनाईन।

पाँच वर्ष अघि सउदी अरब गएका उनी दिनको ८ घण्टा काम गरेर कमाएको रकमबाट खर्च कटाएर बचत गरी त्यसबाट केही रकम नियमितरुपमा घर पनि पठाउने गरेका थिए। उनले पठाएको पैसाबाट घर परिवारको खर्च र उनका छोराछोरीको शिक्षा दिक्षा पनि राम्रै चल्दै थियो। यस अवधीमा उनले १५ लाख रुपैया बचत गर्न पनि भ्याएका थिए।

वर्षौ मिहीनेत गरेर छोरा नजिबुल्लाले कमाएको रकम उनकै गाउँले साथी रोजित मियाँले ठगी गरेपछि आफुहरुको समेत बिजोग भएको आमा चुनिया खातुन र बुआ इस्लाम मियाँले दुखेसो पोखेकी छिन।

उनले इलाका प्रहरी कार्यालय पातो, जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा पुगी ठगी गर्ने व्यक्ती विरुद्ध कारवाहीको माग गर्दै पटक/पटक धाउदै पनि अहिलेसम्म ठगी गर्ने व्यक्ती

***बाँकी अन्तिम पृष्ठमा***

# बाइस लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ वैशाख।**

आगामी शनिबार र आइतबार देशभरका २२ लाख बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै छ।

'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम'अन्तर्गत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले आगामी शनिबार र आइतबार भिटामिन 'ए' खुवाउँदै छ। स्वास्थ्य सेवा विभागका अनुसार 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम'अन्तर्गत भिटामिन 'ए' क्याप्सुल छ महिनादेखि ५९ महिनाका करिब २२ लाख बालबालिकालाई खुवाइने छ।

सोही दिन एक वर्षदेखि पाँच वर्षसम्मका करिब १९ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने छ। बालबालिकालाई बालभिटा खुवाइने छ। सोही दिन बालबालिकामा कुपोषणको परीक्षण पनि गरिने छ।

'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' मा करिब ५२ हजार महिला स्वास्थ्य स्वयम्सेविका र १५ हजार स्वास्थ्यकर्मी परिचालन गरिने छ। सरकारले भिटामिन 'ए' कमीको रोकथाम तथा उपचारको लागि २०५० सालमा आठ जिल्लाबाट सुरु

***बाँकी अन्तिम पृष्ठमा***

**वायु प्रदूषणबाट जोगिने उपाय**

- वायु प्रदूषणबाट श्वासप्रश्वासमा असर पर्ने भएकाले घरवाहिर निस्कँदा मास्कको प्रयोग गरौं,
- वातावरणमैत्री सवारी साधनको प्रयोग गरौं,
- दाउरा र कोइलाको सकेसम्म कम प्रयोग गरौं,
- निर्माणस्थल, उद्योग कलकारखाना आदिबाट निस्कने धुलो धुवाँको उचित व्यवस्थापन गरौं,
- श्वासप्रश्वाससम्बन्धी समस्या आएमा स्वास्थ्य परीक्षण गराऔं,
- जथाभावी प्लास्टिकलगायतका वस्तु नजलाऔं,
- रुखबिरुवा रोपौं, हरियाली बढाऔं र वनजङ्गल जोगाऔं।

वायु प्रदूषणको असरबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**सावधानी अपनाबू, आइग लागै स बचू**

गर्मी महिनामे आइग लागैके घटना सब बेसी है छै। तैके लागि सचेत रहनाइँ जरुरी छै।

१. सलाई, लाइटर जखा आइग लगैबाला सामान बच्चा सबसे दूर राखू। भन्सा कैरके आइग निक जखा बुताउ।
२. सम्भव हैछै त घर, औफिस और संवेदनशील ठाममे आइग मुझाबैवाला यन्त्र राखू।
३. आइग लाइग गेलापर हल्ला कैरके लोग सबके जानकारी कैरके सुरक्षित ठाममे जाउ।
४. घर भितरमे नई नुकाउ, बाहर निकैलके परिवारके सदस्य सबके साथ सुरक्षित स्थानमे जाउ।
५. धुवाँ भेल ठामसे पेटकुनियाँ पाइरके वा घुसकुनियाँ माइरके जाउ।
६. कपड़ामे आइग लाइग जाय त' नै दौड़ू, आइग मुझाके भागू।
७. पेट्रोल, मट्टीतेल जखा जल्दी आइग लागैवाला चीज बच्चा सबसे दूर राखू।
८. आइग नियन्त्रणके लागि त वारूणयन्त्र पाइनवाला गडी और १०० नम्बरमे पुलिसके फोन करू।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## सम्पादकीय ....

# हिंसा बिरुद्ध आवाज उठाउनु आवश्यक

नेपालमा पछिल्ला केही वर्षयता घरेलु हिंसाका घटनाहरू तीव्र रूपमा बढ्दै गएका छन् । विशेष गरी कोभिड-१९ महामारीपछिको समय, आर्थिक मन्दी, बेरोजगारी, र सामाजिक दबाबका कारण महिलामाथि हुने हिंसाका घटनाहरू झनै भयावह बन्दै गएका छन् । यस्ता घटनाहरू गाउँदेखि शहरसम्म, शिक्षित परिवारदेखि अशिक्षित वर्गसम्म, सबै क्षेत्रमा देखिन्छन् । घरेलु हिंसा केवल शारीरिक हमला मात्र होइन; मानसिक यातना, यौन दुर्व्यवहार, आर्थिक नियन्त्रण, सामाजिक अलगाव जस्ता विभिन्न रूपहरूमा देखिन्छ । यो हिंसा महिलाहरू, बालबालिका, वृद्धवृद्धा, र कतिपय अवस्थामा पुरुषहरूलाई समेत लक्षित गर्छ । तर, पीडितले बोल्न नसक्ने, डराउने, वा समाजले नै लाज मान्ने प्रवृत्तिले यसको रिपोर्टिङ न्यून रहेको पाइन्छ ।

नेपाल सरकारले घरेलु हिंसा विरुद्ध कानुनी प्रावधानहरू बनाए पनि, तिनको कार्यान्वयनमा चुनौतीहरू छन् । प्रहरी प्रशासनको संवेदनशीलता, न्यायिक प्रक्रियामा ढिलासुस्ती, र पीडितको संरक्षण तथा पुनःस्थापनाका व्यवस्था कमजोर छन् । अझै पनि धेरै महिला आफैं आर्थिक रूपमा आत्मनिर्भर नभएकाले उनीहरू आफ्ना पीडकसामु नै बाँधिन बाध्य छन् । समाधान भनेको केवल कानुन बनाउनु मात्र होइन–समाजमा चेतना फैलाउनु, शिक्षा प्रणालीमा लैंगिक समानताको पाठ समावेश गर्नु, स्थानीय सरकारहरूलाई सक्रिय बनाउनु र पीडितको संरक्षण तथा परामर्शको भरपर्दो संरचना तयार गर्नु हो ।

घरेलु हिंसा कुनै व्यक्तिगत समस्या होइन; यो सामाजिक संरचनासँग गाँसिएको गम्भीर रोग हो । यसले न केवल व्यक्तिको अधिकारमाथि आघात पुऱ्याउँछ, बरु समग्र समाजको विकासमा समेत बाधा पुऱ्याउँछ । तसर्थ यस्ता घटना न्यूनिकरणका लागि हामी सबै मिलेर यस मौन महामारीविरुद्ध दृढ आवाज उठाउनुको विकल्प छैन् ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# बालविवाह रोक्न सक्रिय किशोरकिशोरी नै जोखिममा

**सिङ्घबहादुर थापा**
सर्लाही, ४ वैशाख (रासस) ।

सर्लाहीको हरिपुर्वा नगरपालिका-९, निवासी नाम परिवर्तन १८ वर्षीया सिमा खातुन कक्षा १२ मा पढ्नु हुन्छ । उहाँ हरिपुर्वा नगरपालिका-५, मा रहेको श्री केश्वरगरिब जनता माध्यमिक विद्यालयमा अध्ययनरत हुनुहुन्छ ।

बागमती सेवा समाज नामक गैरसरकारी संस्थाको सहयोगमा उहाँ पछिल्लो समय बालविवाह हुननदिन लागिपर्नु भएको छ । उहाँले तराई मधेसमा कुरीतिका रुपमा रहेको बालविवाह तथा दाइजो प्रथा रुचि भएकी सिमाले कुरीतिविरुद्धको लडाइँमा लागेको बताउनुभयो ।

विभिन्न सङ्घसंस्थामा जोडिएपछि लैङ्गिक विभेद, परम्परागत कुरीतिका बारेमा जन्ने मौका पाएको र त्यसविरुद्ध लाग्ने अवसर पाएकी उहाँ क्रियमे शील बाल क्लबले गाउँमा बालविवाह, दाइजो प्रथालगायतको कुरीति हटाउन चेतनामूलक गतिविधि सञ्चालन गर्दै आएको छ । लामो समयदेखि जरो गाडेको बालविवाह, दाइजो प्रथा त्यति सजिलै अन्त्य नहुने उहाँ बताउनुहुन्छ । मुस्लिम समुदायमा यो अभिशाप बनेको छ । सोही समुदायकी उहाँ छोरी मान्छे बोल्नु नै गलत मान्ने समाजमा अधिकारका कुरा गर्न आफूलाई कठिन भएको बताउनुभयो । "हाम्रो समुदायमा छोरा चाहिने गलत सोचका कारण धेरै छोरी जन्मिएका छन्," उहाँले भन्नुभयो, "छोरी धेरै भएपछि आमाबुबालाई विवाहमा हुने आर्थिक भारको चिन्ता हुन्छ । त्यसबाट छुटकारा पाउन वाल्यावस्थामा नै बिहे गरिदिने चलन छ ।"

बाल क्लबमा आबद्ध भएपछि किशोरकिशोरी अवस्थामा हुने शारीरिक परिवर्तन, लैङ्गिक विभेद, बालविवाह, दाइजो प्रथाले निम्त्याउने दीर्घकालीन असरबारे जान्न पाएको उहाँले सुनाउनुभयो । मुलुकको कानुनले २० वर्ष नपुगी गरिने विवाहलाई बालविवाह मानिएको छ । बालविवाह गैरकानुनी हुन्छ । बालविवाह गरे स्वतः बदर हुने र विवाह गर्नेगराउनेलाई कानुनी कारबाही हुने व्यवस्था छ तर त्यो कार्यान्वयन नहुँदा कुरीति नियन्त्रण नभएको किशोरी हरिपुर्वा नगरपालिका-२, निवासी रीता चौधरीले गुनासो गर्नुभयो ।

बाल क्लबबाट गाउँमा भइरहेको बालविवाह रोक्न जाँदा वा जानकारी दिँदासमेत आफूहरूलाई समस्यामा पार्ने गरेको उहाँको गुनासो छ । कानुनले अपराध मानेको बालविवाहको भोजमा जनप्रतिनिधिदेखि सामाजिक व्यक्तित्व र राजनीतिक दलका नेता स्वयम् उपस्थित भएर भोज खाने गरेका उहाँले सुनाउनुभयो ।

"हामीले गैरसरकारी संस्थाको सहयोगबाट बाल क्लब गठन गरेका छौं", उहाँले भन्नुभयो, "यस क्लबले बालविवाह कम गर्न लागि अभिभावकलाई सचेत गराउन सडक नाटक, ऱ्यालीदेखि, बालविवाह रोक्नेसम्मका काम गरिरहेको छ । एक पटक गाउँमा बालविवाह हुनलागेको थाहा पायौँ । सबै साथी रोक्नुपर्छ भनेर बिहे घर पुग्यौँ । बालिकाका बुबा, आमालगायत परिवारलाई सम्झाउने कानुनी कारबाहीको डर देखायौँ । जनप्रतिनिधिले उल्टै हामीलाई धम्क्याए ।"

समाजका अगुवा भनिएका जनप्रतिनिधि, कानुन कार्यान्वयन गर्न बसेका प्रहरी प्रशासनले यस्ता कुरीतिलाई प्रोत्साहन दिने गरेका अर्की नाम परिवर्तन कुमारी साहको दाबी छ । घटनाको विषयमा प्रहरीलाई सुटुक्क जानकारी दिँदा पनि प्रहरीले उजुरीकर्ताको गोपनीयता भङ्ग गरिदिने गरेको उहाँको अनुभव छ । "मैले गाउँको एउटा घटनाका बारेमा प्रहरीलाई खबर गरेको थिए", उहाँले भन्नुभयो, "तुरुन्त केटी पक्षका आफन्त तिमीले प्रहरीलाई बालविवाह हुँदैछ, भनेर भनेको रे हो ? मेरो छोरीको विवाह तिमी गरिदिन्छौं, उनको भविष्यको चिन्ता तिमीलाई कि हामीलाई ? भनेर गाली गर्नुभयो ।"

सामान्य कुरामा समेत केटाकेटी भाग्ने परिपाटीले चिन्तित तुल्याउने गरेको अभिभावक सर्लाहीको चन्द्रनगर गाउँपालिका-५, का रामबाबु चौधरीले बताउनुभयो । घरमा थोरै गाली गरे, हप्काए पनि छोराछोरी भाग्न थालेकाले त्यही डरले अधिकांश अभिभावकले सानै उमेर छोरीको विवाह गरिदिने गरेका उहाँ बताउनुहुन्छ । "तराई मधेसमा इज्जत ठूलो मान्छन्", चौधरीले भन्नुभयो, "छोरी भाग्नु त्यो परिवारका लागि गम्भीर सामाजिक प्रतिष्ठाको विषय हो । त्यसमा पनि अन्तरजातीय भयो भने त्यो परिवारको समाजमा कुनै इज्जत रहँदैन ।"

रीता जस्तै जिल्लाको हरिपुर्वा नगरपालिकामा १२ वटा र पर्सा गाउँपालिकामा सातवटा र एउटा गाउँपालिकास्तरीय बाल क्लब सञ्जाल गरी ३७८ जना किशोरकिशोरी बाल क्लबमा आबद्ध छन् । उहाँहरूले बालविवाह, दाइजो प्रथालगायतको कुरीतिविरुद्ध काम गर्ने गरिरहेका संस्थाका कार्यक्रम संयोजक प्रमेश बादेले बताउनुभयो । संस्थाले पालिकासँगको सहकार्यमा बाल विकासका क्षेत्रमा विभिन्न काम गरिरहेको उहाँले बताउनुभयो ।

विकास साझेदार संस्था वल्डभिजनको सहयोगमा बागमती सेवा समाजले दुईवटा पालिकामा बाल विकासका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको हो । यस्ता कार्यक्रम पछि बालविवाह, दाइजो प्रथा नियन्त्रणमा सहयोग पुगेको स्थानीयको भनाइ छ । संस्थाका अनुसार किशोरकिशोरीहरूलाई नियमित रूपान्तरण कक्षामा जीवन उपयोगी सीप तथा सुरक्षासम्बन्धी तालिमसमेत गराउने गरिएको छ ।

**बालविवाहमा कमी**

यसरी गाउँगाउँमा गठन गरिएको बाल क्लब र तिनीहरूको निगरानी तथा गतिविधिका कारण विगतका जस्तो खुलेआम बालविवाह तथा दाइजो लेनदेन कम हुँदै गएको छ । तर, पछिल्लो समय क्लबमा आबद्ध किशोरकिशोरीहरूले थाहा पाए रोकी दिन्छन् भनेर भारतमा आफन्तकामा लगेर विवाह गर्ने गरेको हरिपुर्वा-४, का दिनेश रायले बताउनुभयो ।

"हामीलाई छलेर भारत पुऱ्याएर पनि केहीले विवाह गराएका छन्", उहाँले भन्नुभयो, "हामीले त्यसपछि पनि उजुरी गर्ने गरेका छौँ । त्यसो गर्दा नेता, जनप्रतिनिधिले घरमै आएर हाम्रा परिवारलाई समेत धम्क्याउने दुःख दिने गर्नुभयो । त्यसपछि परिवारले समेत गाली गर्न थाल्नुभयो ।" उल्टै हाम्रो परिवारको कामसमेत वडा कार्यालयले नगरीदिन गरेको उहाँको दुःखेसो छ । यही निहुँमा जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, बालिकाहरूको परिवारले धेरै पटक आफ्नो घर घेरेका उहाँले दुःखेसो पोख्नुभयो ।

बालविवाह कानुनी अपराध र यसले बालिकाहरूको स्वास्थ्यलगायतको क्षेत्रमा पार्ने दीर्घकालीन असरका बारेमा अभिभावकहरू जानकार रहेका स्थानीय वीरेन्द्र ठाकुरले बताउनुभयो । तर, समाजिक रुपमा रहेको गलत मान्यताले गर्दा यस्ता विकृति नियन्त्रण हुन नसकेको नागरिक समाजका अगुवा शिवचन्द्र चौधरीले बताउनुभयो ।

बालविवाह, दाइजो प्रथाजस्ता समाजलाई नै कुरूप पार्ने कुरीति न्यूनीकरणका लागि समाजका सबै तह र तप्का एक हुनुको विकल्प नरहेको हरिपुर्वा नगरपालिकाका प्रमुख विनोद साह तेली बताउनुहुन्छ । पालिकाले समेत यस्ता गतिविधि नियन्त्रणका लागि बाल क्लब तथा विभिन्न गैरसरकारी सङ्घसंस्थासँग हातेमालो गरिरहेको उहाँको भनाइ छ । कुसंस्कारका रुपमा रहेका यस्ता व्यवहारलाई क्रमिक रुपमा नियन्त्रण गर्न सकिने उहाँ बताउनुहुन्छ ।

"नगरका जनप्रतिनिधि स्वयम् यस्ता घटना र कुसंस्कारलाई प्रोत्साहन गर्नतर्फ लाग्नु गलत मात्र नभई गैरकानुनी हुन्छ", प्रमुख साहले भन्नुभयो, "यस्ता कार्य नियन्त्रणको पहल सबै तहको प्रयासमा सफल हुनेछ ।" समाजमा कुरीतिका रुपमा रहेका गलत व्यवहार क्रमिक रुपमा कम हुँदै गएको भन्दै सरोकारवाला निकायलाई निगरानी गरिदिनसमेत उहाँले आग्रह गर्नुभयो । जुनसुकै बहानामा हुने बालविवाह तथा दाइजो प्रथा रोक्नुपर्ने मानव अधिकार आयोग सर्लाहीका अध्यक्ष रजनिकान्त झाको भनाइ छ ।

पछिल्लो समय स्थानीयस्तरमा गाउँका पढेलेखेका किशोरकिशोरीहरू स्वयम् यस्ता गतिविधि नियन्त्रणमा सक्रिय हुनु खुसीको कुरा भएको उहाँले बताउनुभयो । समाजका राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, सुरक्षा निकायले सहयोग गर्नुपर्ने ठाउँमा उनीहरूलाई अप्ठेरोमा पार्ने काम गर्नु निन्दनीय भएको उहाँको दाबी छ । समाजले किशोरकिशोरीहरूको उपस्थितिलाई स्वीकार गरेर अगाडि बढेमात्र समाज सुसंस्कृत हुने पूर्वप्रधानाध्यापक झा बताउनुहुन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार सर्लाहीमा कुल विवाहको ३७.२ प्रतिशत विवाह २० वर्षभन्दा कम उमेरमा हुने गरेको छ । यो मुलुकको कानुनले तोकेको उमेरभन्दा कम उमेरमा बालविवाह गर्नेको सङ्ख्या हो । यसलाई समयमै नियन्त्रण गर्नुपर्नेमा उहाँको जोड छ ।

# आयोडिनयुक्त नुन उत्पादन तथा बिक्रीसम्बन्धी ऐन २६ वर्षपछि कार्यान्वयनमा

काठमाडौँ, ४ वैशाख (रासस) ।

सरकारले आयोडिनयुक्त नुन उत्पादन तथा बिक्री वितरणसम्बन्धी ऐन लागू गरेको छ । विसं २०५५ मा बनेको उक्त ऐन २६ वर्षपछि कार्यान्वयनमा आएको हो ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलद्वारा पेस गरिएको प्रस्ताव यही वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकबाट पारित भएपछि ऐन कार्यान्वयनमा आएको हो । ऐन कार्यान्वयनमा आएसँगै स्वास्थ्य मन्त्रालयले यसअघिको अनुसन्धानमा बालबालिकामा अधिक रूपमा पाइएको आयोडिन र त्यसबाट सिर्जित स्वास्थ्य समस्या समाधानमा काम अघि बढाउन कानुनी बाटो खुला गरेको छ ।

ऐन जारी भएको सूचना २०५५ माघ १ को राजपत्रमा प्रकाशन भएर राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको मितिबाट प्रारम्भ हुने उल्लेख थियो । त्यसयताका सरकारहरूले कार्यान्वयनका लागि राजपत्रमा सूचना प्रकाशन नगर्दा उक्त ऐन कानुनी रूपमा लागू भएको थिएन । जसका कारण ऐनको कार्यान्वयन तथा नियमनका लागि नियमावली तथा निर्देशिका बनाउन सकिएको थिएन । अब साढे दुई दशकपछि मन्त्रालयलाई यससम्बन्धी काम अघि बढाउन कानुनी बाटो खुला भएको छ ।

मङ्गलबारको मन्त्रिपरिषद् बैठकले आगामी साउन १ गतेदेखि लागू हुने गरी राजपत्रमा सूचना प्रकाशन गर्ने निर्णय गरेको हो । योसँगै ऐन बनेको २६ वर्षपछि बल्ल कार्यान्वयनमा आउने भएको हो ।

नेपालमा विगतमा बनेको मापदण्डका कारण बालबालिकामा आवश्यकताभन्दा बढी आयोडिन उपलब्ध हुँदा गम्भीर स्वास्थ्य समस्या आएको मन्त्रालयद्वारा एक दशकअघि गरिएको अनुसन्धानले देखाएको स्वास्थ्य मन्त्रालयको स्वास्थ्य सेवा विभागअन्तर्गतको पोषण शाखा प्रमुख लिलाविक्रम थापाले बताउनुभयो ।

सन् २०१६ मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गरेको सूक्ष्म पोषक तत्व विश्लेषण सर्वेक्षणमा ६ देखि ९ वर्षका बालबालिकाको पिसाबमा तीन सय माइक्रोग्राम प्रतिलिटर आयोडिन हुनुपर्नेमा तीन सय १४ भेटिएको थियो । जसका कारण उच्च रक्तचाप, थाइरोइडलगायत समस्या देखिने गरेको चिकित्सक बताउँछन् ।

व्यावहारिक रूपमा अभ्यासमा आए पनि राजपत्रमा ऐनको सुरुआत तथा क्षेत्रसहितको विवरण प्रकाशनको सूचना नआएकाले यसले नियमावली तथा निर्देशिका बनाएर स्वास्थ्य समस्या समाधान गर्न अड्चन आएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताउनुभयो । "अब स्वास्थ्य, कृषि तथा समृद्ध मन्त्रालय मिलेर मापदण्ड परिमार्जन वा अरू आवश्यक काम गर्न सहज हुनेछ", उहाँले भन्नुभयो ।

# 'जसले न्याय खोज्दाखोज्दै प्राण त्यागिन्'

सिरहा, ४ वैशाख (रासस)।

गत पुस ९ गते सिरहाको नवराजपुर गाउँपालिका–३ जगतपुरस्थित फूलबरिया मुसहरी टोलकी आनन्दीदेवी सदायमाथि गाउँकै दुई युवकद्वारा यौन दुर्व्यवहार भयो। माइतीघरमा बस्दै आएकी आनन्दीदेवी दुई वर्षिय दुधेबच्चा च्यापिर बरियारपट्टि गाउँपालिका-१ नरगीमा बस्ने दिदी लक्ष्मीनियादेवी सदायलाई भेट्न हिँड्नुभएको थियो। बाटोमै स्थानीय २२ वर्षीय सञ्जीव यादव र ३२ वर्षीय श्यामसुन्दर यादवले बलात्कारको प्रयास गरे।

त्यहाँबाट जसोतसो उम्केर पुनः माइतमै फर्किन त सफल हुनुभयो उहाँ तर त्यस घटनाले बाँच्न भने दिएन। घटनाको दोषीमाथि कारबाहीको माग गरी किटानी जाहेरी दिए पनि चार महिनासम्म सदाय न्यायका लागि भौतारिनुभयो। चारैतिरबाट न्यायको आश मरेपछि अन्ततः मृत्यु नै अन्तिम विकल्प बनेर आयो। मङ्गलबार माइतीघरमै झुन्डिएको अवस्थामा उहाँ मृत फेला पर्नुभयो।

"घट्ना घटेको दिन आफूमाथि जबर्जस्ती करणीको प्रयास भएको भन्दै रुँदै र कराउँदै घर आएकी थिइन्", मृतककी भाउजू विनीतादेवी सदायले उक्त दिनको घटनाबारे भन्नुभयो, "उनको कम्मरमुनि सुरुवालको भाग धुजाधुजा पारी च्यातिएको थियो। हातको पाखुरामा चोट लागेको थियो। उनको विभिन्न भागमा दाँतले टोकेको स्पष्ट डोबहरू थिए।" आनन्दीदेवीलाई जबर्जस्ती करणीको प्रयास गर्ने दुई व्यक्तिले सुरुमा पैसा दिन्छौँ भन्दै ललाईफकाई प्रयाससमेत गरेको उहाँको भनाइ छ। "तीन हजार पैसा दिन्छौँ हामीसँग हिँड् भनेपछि नन्दले इन्कार गर्दै प्रतिकार गरेपछि श्यामले हातपात गर्दै घिसार्दै नजिकै रहेको परालको कुन्यूँमा लगे, अर्का पीडक सञ्जीवले मोबाइलबाट भिडियो खिचे। नन्दले यो कुरा मलाई सुनाउनुभएको थियो। उहाँ प्रतिकार गर्दै त्यहाँबाट उम्केर जसोतसो नन्द घर आइपुग्नुभयो, त्यतिबेला दिउँसोको करिब १ बजेको हुँदो हो", भाउजू विनीतादेवीले भन्नुभयो।

**प्रहरीद्वारा जाहेरी दर्ता गर्न आलटाल**

घटना भएको दिन आनन्देदेवीका श्रीमान् उमेश सदाय ससुराली घरमै हुनुहुन्थ्यो। श्रीमतीमाथि घटना घटिसकेपछि सोही दिन अर्थात् पुस ९ गते श्रीमान्‌सहित आनन्दीदेवीले महेशपुरस्थित पतारी प्रहरी चौकीमा आफूमाथि जबर्जस्ती करणीको प्रयास भएको भन्दै किटानी जाहेरी दिनुभएको थियो तर प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरेको मृतक आनन्दीदेवीका श्रीमान् उमेशले बताउनुभयो।

उहाँले भन्नुभयो, "प्रहरीले सुरुमा जाहेरी दर्ता गर्ने र पीडकमाथि कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने आश्वासन दिएको थियो। यसको लामो समयसम्म प्रहरीबाट घटना सम्बन्धमा कुनै प्रतिक्रिया आएन। माघ ४ गते मात्रै प्रहरीले उक्त जाहेरी दर्ता भएको भन्दै एउटा कागजमा दर्ता नम्बरसहितको चिट दियो। फेरि त्यसको भोलिपल्ट पुनः कार्यालयमा बोलाएर उक्त दर्ता नम्बरको कागज हाम्रै सामुन्नेमा प्रहरी च्यातिदियो।"

यही क्रममा अन्तरराष्ट्रिय महिला दिवसको अवसर पारेर मानवअधिकारकर्मीहरूको समूहले मार्च ६ तारिखका दिन नवराजपुरमा एक सार्वजनिक कार्यक्रमको आयोजना गरेको थियो। उक्त कार्यक्रममा आफ्नो पीडा सुनाउन आनन्दीदेवी र उहाँकी आमा बिलटौनदेवी सदाय उपस्थित हुनुभयो। महेशपुर पतारी प्रहरी चौकीका प्रमुख प्रहरी निरीक्षक रबिन मैनालीसमेत उपस्थित उक्त कार्यक्रममा पीडित आनन्दीदेवीले प्रहरीले आफूमाथि भएको घटनाको जाहेरी दर्तासमेत नगरेको बताएको मानवअधिकारकर्मी मुक्ति नेपालका अध्यक्ष देवकुमारी महराले जानकारी दिनुभयो। त्यसपछि जिल्लास्थित मानवअधिकारकर्मीको संयुक्त टोलीले घटनासम्बन्धमा चासो राखी प्रहरीलाई दबाब दिएपछि मात्रै जाहेरी दर्ता भएको उहाँको भनाइ छ।

महराले भन्नुभयो, "घटनाबारे जानकारी पाउनासाथ हामीले तत्कालै प्रहरी निरीक्षक मैनालीलाई के कति कारणले जाहेरी दर्ता नभएको भनी प्रश्न गऱ्यौं। उहाँले तत्कालीन जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक रमेश पण्डितको ठाडो आदेशका कारण आफूले जाहेरी दर्ता नगरेको जवाफ दिउ। त्यसपछि हामीले जिल्ला प्रहरीमा दबाब सिर्जना गरेका कारण भोलिपल्ट जाहेरी दर्ता त भयो तर कुनै पनि अनुसन्धान प्रक्रिया अघि बढेन, जुन खेदजनक र निन्दनीय छ।"

घटना सार्वजनिक भइसकेको, पीडितले न्यायका लागि गुहारिसकेको अवस्था पनि प्रहरी प्रशासनले त्यसलाई गम्भीर रूपमा नदिएकाले ज्यान गुमाउन बाध्य हुनुपरेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपाल सिरहाका प्रतिनिधि दुर्गा परियार बताउनुहुन्छ। मानवअधिकारकर्मीको तीव्र दबाबका बीच पीडितलाई न्याय दिलाउन प्रहरीले उदासीनता देखाएको भए यस्तो अवस्था नआउने उहाँको बुझाइ छ। "पीडकहरू खुलेआम हिँडडुल गर्दा पनि पक्राउ नपर्नुले र पीडितलाई न्यायको अनुभूति दिलाउन नसक्दा अप्रिय घटना घट्यो। यसको जवाफदेहिता अब कसले लिन्छ?", परियारले प्रश्न गर्नुभयो।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख तथा प्रहरी उपरीक्षक अनन्तराम शर्माले गत फागुन २५ गते उक्त घटना सम्बन्धमा जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको जानकारी दिनुभयो। किटानी जाहेरी दिएको ७५ दिनपछि मात्रै मुद्दा दर्ता भएको देखिएको र यो घटना आफू जिल्लामा आउनुअघिको भएकाले किन त्यसो भएको हो भनेर बुझ्नुपर्ने उहाँको भनाइ छ। "गत फागुन २५ गते यस घटना सम्बन्धमा पीडितका तर्फबाट जबर्जस्ती करणी उद्योगमा मुद्दा दर्ता भएको रहेछ। पीडकहरू फरार छन्। पीडितमाथि यौन दुर्व्यवहारपश्चात् प्रहरीले मेडिकल जाँच र जिल्ला अदालतबाट पीडकविरुद्ध पक्राउ पुर्जी जारी गर्ने काम समयमै गरेको पाइन्छ। हामी अनुसन्धानकै क्रममा छौँ। बुधबार पीडित परिवारलाई भेटेर जानकारीसमेत लिएका छौँ", प्रहरी उपरीक्षक शर्माले भन्नुभयो।

**घटना मिलापत्रको प्रयास**

कानुनअनुसार यस्तो घटनालाई मिलाउन पञ्चायती बस्न वा गाउँमै मिलापत्र गर्न मिल्दैन तर घटना मिलापत्र गर्न भन्दै पीडितलाई दबाब आएको परिवारले जनाएको छ। "प्रहरीले जाहेरी दर्ता गर्न आलटाल गरिरहेकै बेला घटनामा संलग्न व्यक्तिका आफन्त आएर रु एक लाख दिने र गाउँघरको घटना गाउँमै मिलाउनुपर्छ, बाहिर लैजानु हुँदैन भन्दै दबाब दिए। गरिबको पनि इज्जत हुन्छ। हामीलाई न्याय चाहिन्छ, पैसा होइन भन्ने जवाफ दियौँ तर न्याय पाइएन" भावुक हुँदै मृतककी भाउजू बिनीतादेवीले भन्नुभयो।

उहाँले कानुन बुझेका शिक्षक र कानुनको पालना गराउने र न्याय दिलाउने जिम्मेपवारीमा रहेका केही प्रहरी अधिकारीले पनि मिलापत्रका लागि दबाद दिएको परिवारको आरोप छ। मृतककी आमा बिलटौनदेवी सदायले भन्नुभयो, "कानुनको कार्यान्वयन गर्ने व्यक्ति र निकायबाटै छोरीमाथि घोर ज्यादती भएको छ। यस्तो ज्यादती गर्ने र पैसा नभएको व्यक्ति मुद्दा नलड्न भन्दै मिलापत्र गर्न उक्साउनेमाथि पनि अनुसन्धान हुनुपर्छर।"

यस्तै वडा नं ३ का अध्यक्ष वंशीलाल यादवले घटनामा जिम्मेवार निकायबाटै कमजोरी भएकाले पीडितले ज्यान गुमाउनु परेको भन्दै सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा का रबाहीको माग गर्नुभयो।

**गृहमन्त्रीद्वारा घटनाको सूक्ष्म छानबिन गर्न निर्देशनपछि प्रहरी सक्रिय**

पीडित आनन्दीदेवी मङ्गलबार झुन्डिएर मृत फेला परेपछि घटनाको सूक्ष्म रूपमा छानबिन गर्न गृहमन्त्री रमेश लेखकले प्रहरी प्रशासनलाई निर्देशन दिनुभएको छ। उहाँले घटनाबारे गम्भीर चासो व्यक्त गर्दै प्रहरी महानिरीक्षक दीपक थापालाई फोन गरी घटना सम्बन्धमा सत्यतथ्य छानबिन गर्न निर्देशन दिनुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

यस घटनाका सम्बन्धमा विस्तृत अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

# बालगृहको स्थलगत अनुगमन गर्दै विधायन समिति

काठमाडौँ, ४ वैशाख (रासस)।

सङ्घीय संसद्, विधायन व्यवस्थापन समितिले 'बालबालिकासम्बन्धी ऐन २०७५' को कार्यान्वयन अवस्थाबारे अध्ययन तथा अनुगमन गर्ने भएको छ। समितिको बिहीबारको बैठकले बालबालिका ऐन र नियमावली २०७८ मा व्यवस्था गरिएको बाल सहभागिता विषयमा अध्ययन गर्ने निर्णय गरेको हो।

समितिका सभापति तुलसाकुमारी दाहालले भन्नुभयो, "ऐन कार्यान्वयन भए/नभएकोबारे अध्ययन गर्ने समितिको कार्यक्षेत्र भएको हुनाले बालबालिकासम्बन्धी ऐनको प्रभावकारी कार्यान्वयन भए/नभएको विषयमा दुई समूह बनाएर स्थलगत अनुगमन गर्ने भएको छ।" राष्ट्रियसभाबाट प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन, ऐन कार्यान्वयन मापन तथा अध्ययन, अनुसन्धान र सङ्घीय इकाइहरूबीच विधायिकी अन्तरसम्बन्धसम्बन्धी विषय र सम्बद्ध निकाय विधायन व्यवस्थापन समितिको अधिकार क्षेत्र तोकिएको छ।

उहाँका अनुसार समितिको एउटा समूहले कोशी प्रदेश र प्रदेश प्रदेश र अर्को समूहले लुम्बिनी र कर्णाली प्रदेश अध्यनन गर्ने जानकारी दिनुभयो। बाल सुधार गृहको पनि अनुगमन गर्ने उहाँको भनाइ छ। "बाल सुधार गृहमा पछिल्लो समय घटना भएको समाचार बाहिर आइरहेको छ, त्यसको वास्तविक अवस्था बुझ्नको लागि पनि स्थलगत अनुगमन गर्ने पनि समितिको योजना छ", उहाँले भन्नुभयो। चार प्रदेशको अनुगमन गरी सकेपछि प्रतिवेदन गर्न तयार गरी सरकारलाई सुझाव दिने सभापति दाहालले बताउनुभयो।

समितिले यही वैशाख १५ देखि १८ गतेसम्म दुई समूह बनाएर अध्ययन गर्ने सभापति दाहालले जानकारी दिनुभयो। सरकारलाई संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि राष्ट्रियसभामा संविधानको धारा ९७ बमोजिम विधायन समितिको गठन गरिएको हो।

# कामपाले हटायो कवाडी संकलन केन्द्र

काठमाडौँ, ४ वैशाख (रासस)।

यसअघि पटक पटक दिएको आग्रह नमानेपछि काठमाडौँ महानगरपालिकाले कवाडी सङ्कलन केन्द्रमा डोजर चलाएर हटाएको छ। कामपा-३२ मा पर्ने उक्त कवाडी सङ्कलन केन्द्र हटानको लागि ६ वटा टोल सुधार समिति र स्थानीयले कामपामा उजुरी गरेपछि उक्त केन्द्रमा बिहीबार डोजर लगाइएको कामपा नगर प्रहरी उपरीक्षक दिनेशकुमार अर्यालले जानकारी दिनुभयो।

*बाँकी अन्तिम पृष्ठमा*

# विश्व समाचार

## पाँच हजार कैदीलाई आममाफी

याङ्गुन, ४ वैशाख (रासस/सिन्ह्वा)।

म्यानमाको सैन्य सरकारले नयाँ वर्षको उपलक्ष्यमा करिब पाँच हजार कैदीलाई आममाफी अन्तर्गत बाँकी सजाय मिनाह गरी उनीहरूलाई रिहा गर्ने बिहीबार घोषणा गरेको छ। सन् २०२१ मा म्यान्मामाको सेनाले त्यहाँको निर्वाचित सरकार र निर्वाचनमा दुई तिहाईभन्दा बढी समर्थन प्राप्त आङ साङ सूचीको नेशनल लिग फर डेमोक्र्यासी पार्टीका नेता तथा दलका निर्वाचित सांसदलाई नियन्त्रणमा लिई सेनाप्रति बफादार व्यक्तिलाई सरकार प्रमुख बनाएको थियो। सेनाको 'कू' पछि लोकतान्त्रिक अभ्यासमाथि अङ्कुश लगाउँदै भएको दलविरोधी अभियानले देशलाई बहुपक्षीय गृहयुद्धमा फसाएपछि जुन्टाले हजारौं प्रदर्शनकारी र अधिकारकर्मीलाई पक्राउ गरेको नागरिक अधिकारवादी समूहहरूले बताएका छन्।

म्यान्मामा राष्ट्रिय पर्व वा बौद्ध धर्मसम्बन्धी चाडहरूको अवसरमा आममाफी दिने प्रचलन रहेको छ। आनीबानीमा कुनै समस्या नदेखिएका व्यक्तिका लागि आममाफीको घोषणा गरिन्छ। सरकारले अपदस्थ नागरिक नेतृ आङ सान सुचीसहित अधिकांश उच्च-ओहोदाका राजनीतिक कैदीहरूलाई अझै पनि हिरासतमा राखेको छ। जुन्टाले जारी गरेको वक्तव्यमा चार हजार ८९३ जना कैदीलाई राज्य निर्माण प्रक्रियामा सहभागी हुन, जनताको मानसिक शान्तिका लागि र अनुकम्पाका आधारमा माफी दिइने उल्लेख छ।

'राज्यको तर्फबाट माफी व्यक्त गर्न' जुन्टाले गम्भीर अपराध गर्नेहरू बाहेक अन्य कैदीहरूको सजाय छ भागको एक भाग घटाइ छुटका लागि योग्य कैदीलाई आममाफी दिइने बताएको छ। स्थानीय समयअनुसार बिहान ११:३० बजे याङ्गनको इन्सेन जेलको गेटबाट करिब ३० वटा बस बाहिरिएका एएफपी म्यान्मा प्रतिनिधिले जनाएका छन्। बसमा सवार सयौंमध्ये केही ढोकाबाहिर ओर्लिए र आफ्ना प्रियजनको नाम लेखिएको प्लेकार्ड बोकेका आँसुले भरिएका परिवारहरूसँग पुनर्मिलन गरे।

जुन्टाले १३ जना विदेशी नागरिकलाई पनि उनीहरूको पहिचान वा अपराधको विवरण नदिई माफी दिने र देश निकाला गरिने बताएको छ। यस वर्ष १० देश सम्मिलित आसियान समूहको नेतृत्व गरिरहेका मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमलाई भेट्न बैङ्कक जाने क्रममा जुन्ता प्रमुख मिन आङ ह्लाइङले आममाफीको घोषणा गर्नुभएको हो। दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) ले विगतमा शान्ति योजनामा प्रगति नभएको भन्दै जुन्टाका अधिकारीहरूलाई शिखर सम्मेलनमा भाग लिन प्रतिबन्ध लगाएको थियो। तर अनवरले गत महिना गएको ७.७ म्याग्निच्यूडको भूकम्पपछि म्यान्मा पठाइएको मलेसियाली मानवीय सहायता टोलीको सुरक्षाका विषयमा छलफल गर्न बिहीबार मिन आङ ह्लाइङलाई भेट्ने बताउनुभएको छ। जुन्टाले उक्त बैठकको पुष्टि गरेको छैन।

## गाजामा इजरायली भएको हमलामा २५ जनाको मृत्यु

गाजा, ४ वैशाख (रासस/एएफपी)।

इजरायलले बिहिबार विस्थापित प्यालेस्टिनीहरूका शिविर लक्षित गरी गरेको आक्रमणका कारण कम्तिमा २५ जनाको ज्यान गएको गाजाको नागरिक सुरक्षा एजेन्सीले रिपोर्ट गरेको छ। एजेन्सीका प्रवक्ता महमुद बासलले दक्षिणी सहर खान युनुसको अल-मवासी क्षेत्रका शिविरहरुलाई लक्षित गरी गरिएको आक्रमणमा १६ जनाको मृत्यु भएको बताउनुभएको छ। खान युनुसको अल-मवासी क्षेत्रमा विस्थापित परिवारहरू बस्ने शिविरहरूमा इजरायली मिसाइल प्रहार हुँदा अधिकांश महिला र बालबालिकासहित कम्तीमा १६ जनाको मृत्यु हुनुका साथै अन्य २३ जना घाइते भएको प्रवक्ता बासलले बताउनुभएको छ। उहाँका अनुसार विस्थापित मानिसहरूको अन्य शिविरहरूमा भएको आक्रमणमा परी अन्य आठ जनाको ज्यान गएको र अन्य घाइते भएका छन्। उत्तरी सहर बेत लाहियास्थित शिविरमा भएको आक्रमणमा सात जनाको मृत्यु भएको तथा अल-मवासी क्षेत्र नजिकै भएको आक्रमणमा उक्त शिविरमा बस्दै आएका बाबु र बच्चाको मृत्यु भएको बासलले बताउनुभएको छ।

## अष्ट्रेलियामा बेरोजगारी दर वृद्धि

क्यानबेरा, अष्ट्रेलिया, ४ वैशाख (रासस/सिन्ह्वा)।

मार्चमा अस्ट्रेलियाको बेरोजगारी दर बढेको अष्ट्रेलियाको बिहीबार प्रकाशित सरकारी तथ्याङ्कमा दावी गरिएको छ। अष्ट्रेलियाको तथ्याङ्क विभाग (एबीएस) का अनुसार बेरोजगारी दर मार्चमा ४.१ प्रतिशत पुगेको छ। जुन फेब्रुअरीमा ४.० प्रतिशत थियो। रोजगारीमा मौसमी उतारचढावलाई सहज बनाउने जनाउँदै बेरोजगारी दर लगातार पाँच महिना ४.० प्रतिशतमा रहेको एबीएसले जनाएको छ। पछिल्लो १२ महिनामा रोजगारमा रहेका अस्ट्रेलियालीको सङ्ख्या तीन लाख आठ अथवा (२.२ प्रतिशत) ले बढेको छ, जुन महामारीपूर्वको २० वर्षको औसत २.० प्रतिशतभन्दा बढी हो। रोजगारमा रहेका अस्ट्रेलियालीहरूको सङ्ख्या फेब्रुअरी र मार्चको बिचमा ३२ हजार २०० ले वृद्धि भएको एबीएसले जनाएको छ भने सोही अवधिमा बेरोजगार व्यक्तिहरूको सङ्ख्या तीन हजारले बढेको छ। एबीएसका श्रम तथ्याङ्क प्रमुख सीन क्रिकले रोजगार-जनसङ्ख्या अनुपात (काम गर्ने उमेरको जनसङ्ख्या) मार्चमा ६४.१ प्रतिशत रहेको छ। रोजगारीमा वृद्धिको बावजुद, क्रिकले अष्ट्रेलियालीहरूले काम गर्ने समय मार्चमा ०.३ प्रतिशतले घटेको बताउँदै यसको कारण चक्रवात लगायत प्रमुख मौसमी घटनाहरू भएको बताउनुभयो।

# पापको घडा भरीसक्यो, कुनै बेला पनि फुट्न सक्छ : अध्यक्ष महतो



**दैनिक समाचारदाता**
**काठमाडौं, ४ बैशाख।**

राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतोले सहकारी पीडित, वित्तीय तथा लघुवित्त पीडित, बैंक पीडित लगायतका विभिन्न खाले वित्तीय शोषणविरुद्ध न्यायपूर्ण संघर्षलाई अगाडि बढाउन राष्ट्रिय मुक्ति पार्टी नेपालले एक्यबद्धता जनाएको बताएका छन्।

वित्तीय समस्या समाधान संयुक्त राष्ट्रिय अभियान (महासंघ) नेपालको आह्वानमा बिहीबार काठमाडौंमा विभिन्न अभियानी संघ संस्थाहरूको आन्दोलनमा उनले यस्तो एक्यबद्धता जनाएका हुन्।

उनले भने "देशका हरेक तप्काका जनता असन्तुष्ट रहेकाले काठमाडौंको हरेक सडक आन्दोलित छन्। अब पापको घडा भरीसक्यो, कुनै बेला पनि फुट्न सक्छ।"

सम्बोधन कै क्रममा उनले भने, "सरकार अभिभावक हुनुपर्छ तर उल्टो शोषण गरिरहेको छ। नेपाल सरकार र आयोजक संस्थाहरूबीच समय-समयमा भएका सम्झौताहरू हालसम्म पनि कार्यान्वयन नभएको र सरकारले आलटाल गर्दै पीडितलाई झनै पीडित बनाउने गतिविधिले सरकार प्रतिको भरोसा दिनप्रतिदिन कम हुँदै गएको छ।"

उनले न्याय, समानता र आर्थिक शोषणको अन्त्यका लागि हुने संघर्षमा सम्पूर्ण नागरिक समाज, अभियानी समूह तथा पीडित वर्ग एकजुट भई आन्दोलनलाई सफल र परिणाममुखी बनाउन साथ र सहयोग गर्नुपर्ने धारणा राखे।

# द्वन्दकालमा भएका जघन्य अपराधलाई माफी दिन सकिँदैन : प्रधानमन्त्री

काठमाडौं, ४ वैशाख (रासस)।

प्रधानमन्त्री केपी शर्मा ओलीले सङ्क्रमणकालीन न्यायलाई अन्तिम टुङ्गोमा पुऱ्याउँदा द्वन्द्वकालमा भएका अमानवीय र जघन्य अपराधलाई माफी दिन नसकिने स्पष्ट गर्नुभएको छ।

नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनको छैटौं राष्ट्रिय महाधिवेशनको बिहीबार उद्घाटन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्षसमेत रहनुभएका प्रधानमन्त्री ओलीले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट पीडितलाई न्याय दिने गरी कार्यसम्पादन हुने बताउनुभयो।

उहाँले ती आयोग गठन प्रक्रियामा अब ढिलाइ नहुने भन्दै अधिनायकवाद परास्त भई लोकतान्त्रिक प्रणालीमा मुलुक गइसकेकाले अब कुनै बहकाउमा लागेर कुनै पनि खालका हत्या, हिंसा, धार्मिक सद्भाव खलबलाउने गतिविधि, अराजकतालगायत कार्य स्वीकार्य नहुने स्पष्ट गर्नुभयो।

"अहिले हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा छौँ। यहाँ जनताका बीचमा गएर प्रतिस्पर्धा गर्न पाइन्छ। चुनाव जितेर एमालेले एकल सरकार बनाएर विकास र समृद्धिका लागि अभूतपूर्व कामको थालनी गरेका बेला त्यसबाट त्रसित भएर प्रतिक्रियावादीको उक्साहटमा हामीलाई विस्थापित गरियो। अहिले संयुक्त सरकारका रूपमा हामीले काम गरिरहेका छौँ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "हामीसँग राष्ट्र निर्माण र एकताका इतिहास छन्। हामी समृद्ध र सिङ्गो नेपाल नयाँ पुस्तालाई हस्तान्तरण गर्नेछौँ। हामी सिमाना खुम्चन र राष्ट्रिय स्वाभिमानमा आँच आउन दिनेछैनौँ। हाम्रो सभ्य र सुसंस्कृत समाजलाई कायम राखेर अघि बढ्छौँ।"

प्रधानमन्त्री ओलीले विविधतायुक्त मुलकमा सामाजिक सद्भावसहितको राष्ट्रिय एकता आवश्यक भएको बताउँदै एमालेले त्यसको अगुवाइ गरिरहेकाले भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठनले देश र पार्टीप्रति गरेको विश्वासलाई अझ बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

अध्यक्ष ओलीले यही वैशाख ११ गते लोकतन्त्र दिवसका दिन एमालेले युवाहरूको सम्मेलन आयोजना गरी जनताको अधिकार र विकासका पक्षमा उत्सव मनाउन आह्वान पनि गर्नुभयो।

# 'सरकार सञ्चालनमा कुनै समस्या छैन'

काठमाडौं, ४ वैशाख (रासस)।

सत्ता गठबन्धन दलको उच्चस्तरीय राजनीतिक संयन्त्रको बैठकमा मुलुकको समसामयिक राजनीतिक विषयमा छलफल भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार साँझ भएको बैठकमा पछिल्लो विकसित राजनीतिक घटनाक्रम, बाहिर उत्पन्न भएका क्रिया प्रतिक्रियाबारे समीक्षा भएको हो।

बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिँदै उहाँले समसामयिक नियमित विषयमा सकारात्मक छलफल भएको बताउनुभयो। "दुई दलीय उच्चस्तरीय राजनीतिक संयन्त्रको नियमित बैठक बसेको हो। समसामयिक विषयमा राम्रो छलफल भएको छ", उहाँले भन्नुभयो, "सत्ता सञ्चालनका विषयमा कुनै समस्या छैन। बाहिर जुन ढङ्गले कुरा आइरहेको छ, त्यस्तो कुनै समस्या छैन। दुई शीर्ष नेतासहितको बैठकमा सौहार्द्रपूर्ण र सकारात्मक कुराकानी भयो।"

बैठकमा पछिल्लो समसामयिक राजनीतिक घटनाक्रम, सरकार सञ्चालनको विषयबारे समीक्षा भएको बताइएको छ।

गृहमन्त्री लेखकले शिक्षकको माग चाँडो सम्बोधनका लागि सरकार गम्भीर रहेको बताउनुभयो। उहाँले संसद्को आगामी अधिवेशनबाट शिक्षासम्बन्धी विधेयक टुङ्गो लाग्ने विश्वास व्यक्त गर्नुभयो।

बैठकमा प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासहित संयन्त्रका नेताहरू सहभागी हुनुहुन्थ्यो। एमालेबाट उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेल, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शङ्कर पोखरेल र उपमहासचिव तथा प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल सहभागी हुनुहुन्थ्यो।

### *बाइस लाख ...*

भएको राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम २०५९ देखि देशभरि नै लागू गरिएको हो।

जुका नियन्त्रण तथा रोकथामको लागि २०५६ सालदेखि १३ जिल्लाबाट सुरु गरिएको जुकाको औषधि खुवाउने कार्यक्रम २०६७ देखि सबै जिल्लामा लागू गरिएको छ। यस्तै २०६४ सालदेखि बालभिटा खुवाइने गरेको छ।

प्रत्येक वर्ष कात्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निःशुल्क खुवाउने व्यवस्था सरकारले गर्दै आएको छ।

### *विदेशीमै ठगिएपछी ...*

पक्राउ पर्न नसकेको उनको दुखेसो छ।

उनले छोरालाई ठगी गर्ने र पुरै परिवारलाई विचल्ली बनाउने रोजित मियाँलाई अविलम्ब पक्राउ गरी कारवाही र आफुलाई न्याय दिलाइदिन अनुरोध गरेकी छिन।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार बस्नेतले नजिबुल्लालाई ठगी गर्ने रोजित मियाँको खोज तलास कार्य भइरहेको बताएका छन। उनले सबै प्रहरी कार्यालयमा रोजित मियाँको हुलिया सहित विवरण पठाई खोजी कार्यालाई व्यापक बनाइएको जनाएका छन।

# इ-सेवाको खाताबाट अनधिकृत रुपमा एक करोड ट्रान्सफर

काठमाडौं, ४ वैशाख (रासस)।

आर्थिक अपराधका गिरोहले खाता 'सस्पेण्ड' हुन लागेको बताउँदै अनधिकृत रुपमा चार हजारभन्दा बढीको इ-सेवाको खातामा पहुँच पुऱ्याइ करोडौं रकम ट्रान्सफर गरेको पाइएको छ।

'फिसिङ लिङ्क' पठाइ इ-सेवाको रकम चोरी गरेको अभियोगमा काठमाडौंको अनामनगर बस्ने कञ्चनपुर कृष्णपुर नगरपालिका-१ घर भएका २२ वर्षीय राहुल बूढालाई प्रहरीले पक्राउ गरेको छ। उनले विभिन्न व्यक्तिहरूलाई एसएमएससमार्फत फिसिङ लिङ्क पठाइ खाता सस्पेण्ड हुन लागेको भनी चेतावनी दिइ भेरिफाइका लागि लिङ्क खोल्न लगाई इ-सेवामा अनधिकृत पहुँच पुऱ्याइ रकम ठगी गरेका हुन्।

उनले चार हजारभन्दा बढी व्यक्तिहरूको इ-सेवामा रहेको मौज्दात रकम पशुपति ग्लोबल इनोभेसन प्रालिको खातामा एक करोड दुई लाख रूपैयाँ बराबरको रकम ट्रान्सफर गरेको पाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक अङ्गुर जिसीले जानकारी दिनुभयो।

रकम चोरीमा संलग्न उनलाई काठमाडौंको कालीमाटीबाट पक्राउ गरी बुधबार कार्यालयले घटना विवरण सार्वजनिक गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि बुधबारै जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको उहाँले बताउनुभयो।

# महिला संघका २० केन्द्रीय सदस्यद्वारा सामूहिक राजीनामा

काठमाडौं, ४ वैशाख (रासस)।

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल महिला सङ्घका २० केन्द्रीय सदस्यले सामूहिक राजीनामा दिएका छन्।

नेपाल महिला सङ्घ केन्द्रीय समितिले विधानअनुसार कुनै पनि कार्यक्रम अगाडि बढाउन नसकेको भन्दै २० केन्द्रीय सदस्यले कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेललाई सामूहिक राजीनामा बुझाएका हुन्।

राजीनामा बुझाउनेमा चन्द्रादेवी जोशी, रिता शाही, छायाँ सुनार, डा अमिता प्रधान शाक्य, उमा शिवाकोटी, रञ्जीता गिरी, डा सीता घिमिरे, तारा थपलिया, सुस्मा तिवारी, लक्ष्मी बराकोटी, नवोदिता चौधरी, भगवती केसी, मीरादेवी चन्द, पार्वती चन्द, गीता गुरुङ, रमा अर्याल, लीलाकुमारी नेपाल, राधा कुँवर, सुनिशा भेटुवाल र पार्वती आचार्य रहेका छन्।

उहाँहरुले पारदर्शी ढङ्गले सङ्गठनका क्रियाकलापलाई अगाडि बढाउन नसकेको र सङ्गठनको साख क्रमशः ओरालो यात्रामा लागेको भन्दै सामूहिक राजीनामा दिनुभएको हो।

### *कामपाले हटायो ...*

उपरीक्षक अर्यालका अनुसार कामपा नगर प्रहरीले च्यासल पुलदेखि बालकुमारी पुल क्षेत्रसम्म रहेको तीनवटा कवाडी सङ्कलन केन्द्र हटाएर हो। "आवास क्षेत्रमा पर्ने उक्त केन्द्र हटाउनका लागि कामपाले पटक पटक सूचना दिँदा पनि अटेर गरेपछि बिहीबार डोजर चलाइएको हो", उपरीक्षक अर्यालले भन्नुभयो।

उक्त स्थानमा डोजर लगाएर भत्काएको विरोधमा कवाडी सङ्कलन केन्द्रका दुई मजदुरहरूले डोजरलाई ढुङ्गामुढा गरेका थिए। ढुङ्गामुढा गर्नेलाई नियन्त्रणमा लिएको पनि उहाँले जानकारी दिनुभयो। स्थानीयले बालबालिकाे पठनपाठन बिग्रिएको, सामाजिक असुरक्षा भएको भन्दै उक्त केन्द्र हटाउन आग्रह गर्दै आएका थिए।


## भर्ना खुल्यो। भर्ना खुल्यो॥ भर्ना खुल्यो॥।

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

# Wisdom School

Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने।
– CC Camera को निगरानीमा पठनपाठन गराइने।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*